# बेनीघाट रोराङ गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड – ३ संख्या – १४ मितिः ०४ माघ २०७६

# भाग - १

## बेनीघाट रोराङ गाउँपालिका कृषक समूह गठन तथा व्यवस्थापन निर्देशिका, २०७६

बेनीघाट रोराङ गाउँपालिका
विशालटार, धादिङ
बागमती प्रदेश

**बेनीघाट रोराङ गाउँपालिका कृषक समूह गठन तथा व्यवस्थापन निर्देशिका, २०७६**

*गाउँसभाबाट स्वीकृत मिति २०७६ पौष २५*

**प्रस्तावना :** कृषि समूह आधुनिक कृषि प्रणालीको आधारस्तम्भको रुपमा रहेको छ । कृषि क्षेत्रको संस्थागत विकास विना कृषि क्षेत्रमा आधुनिकिकरण संभव छैन । कृषक समूहहरुको समुचित प्रयोग गरी कृषिको समष्टिगत विकासमा सकारात्मक प्रभाव ल्याउन किसान समूहको आवश्यकता भएको हो । कृषक समूहलाई वैधानिक रुपमा मार्गदर्शन गर्न सके कृषि क्षेत्रलाई थप प्रभावकारी, मर्यादित, आधुनिक तथा प्रतिष्पर्धी वनाउन सकिन्छ । बेनिघाट रोराङ गाउँपालिकाको सुसासन ब्यबस्थापन तथा सञ्चालन ऐन २०७६ को दफा ४५ र स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा २ बमोजिम दिएको अधिकार प्रयोग गरी बेनिघाट रोराङ्ग गाउँ सभाले यो निर्देशिका बनाएको छ ।

## परिच्छेद १
## प्रारंभिक

**१. नाम र प्रारम्भ** : (१) यो निर्देशिकाको नाम "वेनिघाट रोराङ्ग गाँउपालिका कृषक समूह गठन तथा व्यवस्थापन निर्देशिका, २०७६" रहेको छ

(२) यो निर्देशिका बेनिघाट रोराङ गाउँ गाउँपालिकाबाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा

(क) "कृषक" भन्नाले कृषि उत्पादनमा प्रत्यक्ष संलग्न भएको व्यक्तिलाई सम्झनु पर्दछ ।

(ख) "कृषक समूह" भन्नाले कृषि पेशामा संलग्न भई मिल्दाजुल्दा समस्या, आवश्यकता र चाहानाहरु भएका न्युनतम १५ वा सो भन्दा वढी व्यक्तिहरु मिली सामुहिक प्रयत्नद्धारा कृषि क्षेत्रमा साझा उद्देश्यहरु प्राप्त गर्न बनाईएको संगठनलाई सम्झनु पर्छ । कृषक समूह भनी सम्झनु पर्दछ ।

(ग) "कृषि भन्नाल बाली , वागवानी, पशुपन्छी, मत्स्य आदि सवै उपक्षेत्रसंग सम्वद्ध उत्पादन, उद्योग एवं व्यवसायहरु भनी वुझ्नु पर्दछ ।

(घ) " कार्यसमिति" भन्नाले निर्देशिका अनुसार निर्वाचित अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष तथा सदस्यहरु भनी वुझ्नु पर्छ, जो कृषि समूहको समग्र विकासका लागि उत्तरदायी हुन्छ ।

(ङ) "गाउंपालिका" भन्नाले बेनिघाट रोराङ गाउंपालिका सम्झनु पर्दछ ।

(छ) "लेखा" भन्नाले प्रचलित कानून वमोजिम कारोवारको यथार्थ विवरण देखिने गरी राखिने अभिलेख, खाता, किताब आदि र सो कारोबारलाई प्रमाणित गर्ने अन्य कागजात समेतलाई जनाउंछ ।

(ज) "वडा"भन्नाले यस बेनिघाट रोराङ गाउंपालिका भित्रका १० वटै वडाहरुलाई सम्झनु पर्दछ ।

(झ) "समूह विधान" भन्नाले समूहको उद्देश्य प्राप्तीका लागि विभिन्न कियाकलाप सञ्चालन गर्न वनाइएको नियमलाई सम्झनु पर्दछ ।

(ञ) "समूह शशक्तिकरण" भन्नाले कृषक समुहलाई उद्देश्य अनुरुप अघि बढ्न प्रयासरत रहने वा असक्त अवस्थामा रहेका समुहलाई केही सहयोग गरी सशक्त बनाउने कार्यलाई सम्झनु पर्दछ ।

(ट) "संविधान भन्नाल" नेपालको संविधान २०७२ भनी जान्नु पर्दछ ।

(ठ) "साधारण सभा" भन्नाले निर्देशिकाको विधानमा उल्लेखित दफा ४ बमोजिमका सभालाई सम्झनु पर्दछ ।

(ड) स्थानिय तह, भन्नाले बेनिघाट रोराङ गाउंपालिका सम्झनु पर्दछ ।

(ढ. "हितकोष" भन्नाले कुनै पनि नगद, जिन्सी तथा भौतिक सरसामान नगद मौज्दात, ऋण लगानी, लगानीको रुपमा रहेको समूहको नगद पूंजीलाई हितकोष भनी जान्नु पर्दछ।

(ण) "हितकोष परिचालन" भन्नाले संकलित हितकोषलाई उत्पादनमूलक कार्यमा लगानी गर्ने कार्यलाई सम्झनु पर्छ।

**३. उद्देश्य :** यस निर्देशिकाको उद्देश्य देहाय बमोजिम हुनेछ

(क) कृषि क्षेत्रमा प्रत्यक्ष रुपमा संलग्न किसानहरुलाई समूहमा आवद्ध गरी उनीहरु वीचको समन्वय, सहकार्य, सञ्चारलाई प्रभावकारी वनाउने।

(ख) एउटा किसानसंग भएको आधुनिक ज्ञान, सीप तथा अनुभव अर्को किसानसम्म पुऱ्याउन पुलको काम गर्ने।

(ग) सरकारी तथा गैरसरकारी निकायहरुवाट सञ्चालन हुने कृषि सम्वन्धी कार्यक्रमको दोहोरोपना अन्त्य गर्न सहयोग गर्ने।

घ. किसान समूहको व्यवस्थापन, नियमन, सञ्चालन गर्न सहयोग गर्ने। कृषि समूहको गठन तथा सञ्चालनका लागि आवश्यक मापदण्ड र प्रक्रियाको मार्गदर्शन गर्ने।

ङ कृषि प्रसार कार्यक्रमको सञ्चालन, व्यवस्थापन तथा नियमन कार्यमा टेवा पुरयाउनु।

च. हितकोष व्यवस्थापन तथा परिचालनमा स्पष्ट निर्देशन दिने।

**४. निर्देशिकाको प्रयोग गर्नु पर्ने अवस्था :** यस निर्देशिकाको प्रयोग देहायको अवस्थामा गर्नु पर्नेछः

क. कृषि क्षेत्रमा गरिएको लगानीको प्रतिफल सम्वन्धित वर्ग र समुदायमा पुगे नपुगेको सुनिश्चित गर्न यस निर्देशिकालाई सुशासनको एउटा औजारको रुपमा लागु गर्न।

ख. सरकारी तथा गैर सरकारी निकायहरुवाट कृषि सम्वन्धी कार्यका लागि गठन हुने किसान समूहमा एकरुपता ल्याउन।

ग. प्रत्यक्ष रुपमा उत्पादनमा संलग्न कृषकहरु आवद्ध समूहहरुको समन्वय, व्यवस्थापन र नियमन गर्नु पर्ने अवस्थामा।

घ. कृषि सम्वन्धी क्षेत्रको सामाजिक परिचालनका लागि कृषक समूहलाई पहिलो सम्पर्क विन्दु मानी कार्यक्रमको प्रभावकारीता प्रदर्शन गर्न, मापन गर्न।

ङ समूहको योजना तर्जुमा गर्नु पर्ने अवस्थामा।

च. समूहको हितकोष परिचालन गर्नु पर्ने अवस्थामा।

छ. समूहको लेखा व्यवस्थापन, समूहका सदस्यहरु वीचको मतभेद व्यवस्थापन गर्नु पर्ने अवस्थामा।

ज. विभिन्न सरोकारवाला पक्षहरुको भूमिका र जिम्मेवारी तोक्नु पर्ने अवस्थामा।

## परिच्छेद २
## कृषक समूह गठनका आधारहरु, सदस्यहरुको छनौट र समूहको वर्गिकरण

**५. गठनका आधारहरु :** बेनिघाट रोराङ गाउँपालिकाको आर्थिक विकास शाखा/कृषि शाखा वा इकाईले कृषक समूह गठन गर्दा देहायका विषयहरुमा ध्यान दिनु पर्नेछः

क. स्थान विशेषको भौगोलिक विकटता, कृषकहरुको आवश्यकता, स्थान विशेषको उत्पादनको सम्भाव्यता।

ख. सेवा पुऱ्याउनु पर्ने घरधुरी संख्या र कृषक संख्या

ग. कृषकहरुको आर्थिक, सामाजिक तथा श्रोत साधनको अवस्था

घ. कृषक समूहमा विभिन्न वर्गका कृषकहरुको प्रतिनिधित्वको सुनिश्चितता

ङ समूहमा आवद्ध हुने वास्तविक कृषकहरुको सुनिश्चितता।

**६. सदस्यहरुको छनौट गर्दा ध्यान दिनु पर्ने कुराहरु :**

(१) कृषक समूह गठनका लागि सदस्यहरुको छनौट गर्दा देहायका कुराहरमा ध्यान दिनु पर्ने छ।

क. साझा समस्या, साझा उद्देश्य लिएका,

ख. सामाजिक तथा आर्थिकस्तरमा एकरुपता भएका,

ग. सकभर साक्षर तथा शिक्षाको स्तरमा समानता भएका,

घ. समूहगत कार्यमा स्वयंसेवकको रुपमा समय दिन सक्ने,

ङ एउटै समूह वा स्थानमा वसोवास गर्ने ।

च. कृषि पेशालाई मुख्य पेशाको रुपमा अंगालेका ।

(२) एकाघरको एक जना भन्दा वढी सदस्य एउटै समूहमा आवद्ध हुन सक्ने छैनन ।

(३) कुनै एक समूहमा आवद्ध भई सकेको सदस्य अर्को त्यस्तै प्रकृतिको समूहमा आवद्ध हुन सक्ने छैन ।

**७. समूहको वर्गिकरण:** कृषक समूहलाई लैङ्गिकता, वाली समूह तथा मूल्य श्रृंखलाको आधारमा निम्न वमोजिम वर्गिकरण गर्न सकिने छ ।

(१) लैङ्गिकताको आधारमा

क. पुरुष समूह

ख. महिला समूह

ग. मिश्रित समूह

(२) क्षेत्रगत आधारमा

(क) अन्नवाली समूह

(ख) बागवानी समूह

(ग) वीजवृद्धि समूह

(घ) माहुरीपालन समूह

(ङ) रेशम खेती समूह

(च) गाई/भैंसीपालन समूह

(छ) बाखा/भेंडा/च्याङ्गापालन समूह

(ज) कुखुरापालन समूह

(झ) बंगुरपालन समूह

(ञ) घांसवाली/वीउ उत्पादन समूह

(ट) कृषि वजार व्यवस्थापन समूह

(ठ) आर.पि.एम.समूह आदि

(३) मूल्य श्रृंखलाको आधारमा

(क) कृषि सामाग्री उत्पादन समूह (घीउ उत्पादक, प्राङ्गारिक मल आदि)

(ख) उत्पादन समूह

(ग) प्रशोधन समूह

(घ) बजारीकरण समूह आदि

## परिच्छेद ३

## समूह गठन प्रकिया, कार्यसमितिको संरचना र पदाधिकारीको जिम्मेवारी

**८. समूह गठन प्रकिया :** कृषक समूह गठन तथा व्यवस्थापन गर्दा देहायका प्रकृयाहरुको अवलम्वन गर्नुपर्ने छ ।

**(१) प्रारंभिक कृषक भेला**

(क) समूहमा आवद्ध हुन चाहने कृषकहरुलाई प्रारंभिक भेलाका विषयमा अग्रिम जानकारी गराउने ।

(ख) सरोकारवाला निकायहरुलाई आमन्त्रण गर्ने

(ग) कृषक भेलाका छलफलका एजेण्डा, मिति, समय र स्थान अग्रिम रुपमा सरोकारवालाहरुलाई जानकारी गराउने ।

(घ) कृषक भेला सञ्चालनका लागि कृषकहरु मध्ये एकजनाले जिम्मेवारी लिई नेतृत्व गर्ने ।

(ङ) कृषक भेलाको उद्देश्य र आवश्कता (समूह गठनको उद्देश्य र आवश्यकता) वारे सवैलाई जानकारी दिने

**(२) छलफल सञ्चालनः**

(क) कृषक भेलाको उद्देश्य र आवश्कता विस्तृत रुपमा सवै कृषकहरुलाई जानकारी दिने

(ख) कृषक भेलाका एजेण्डाहरुमा क्रमशः छलफल गर्दै बुंदा टिपोट गरी निर्णय पुस्तिकामा उतार गर्ने ।

(ग) सदस्य बन्न चाहने इच्छुक व्यक्ति समूहलाई अनुसूची ५ को दफा ३ मा व्यवस्था भए बमोजिम सदस्यता दिनका लागि अनुसूची ८ वमोजिम आवेदन फारम भराई नामावली तयार पार्ने ।

(घ) उक्त भेलाले तदर्थ समिति गठन, विधान मस्यौदा समिति गठन र कार्य विभाजन गर्ने ।

**(३) तदर्थ समितिको वैठक सञ्चालन**

क. बैठकका विषयवस्तुहरु तय गरी तदर्थ समितिका सदस्यहरुलाई जानकारी दिने ।

ख. सम्वन्धित निकायहरुलाई निमन्त्रणा गर्ने ।

ग. आवश्यक कागजात तयारी गर्ने ।

घ. समूहको विधानको खाका तयार गर्ने ।

ङ. समूहको हितकोष सम्वन्धी निर्णय गर्ने ।

च. समूहको उद्देश्य र कार्यक्रम तर्जुमा गर्ने ।

छ. सम्वन्धित निकायमा विधान दर्ता गराउन जिम्मेवारी दिने ।

ज. तदर्थ समिति गठन भएको एक महिनाभित्र प्रारंभिक साधारण सभाको आयोजना गर्ने ।

(४) प्रारम्भिक साधारण सभाको सञ्चालन तथा तयारी

क. ७ सदस्यीय कार्यसमितिको गठन गर्ने ।

ख. समूहको वार्षिक कार्ययोजना तथा कार्यक्रम तयार गरी अनुमोदन गर्ने ।

ग. विधान मस्यौदा माथि छलफल एवं स्वीकृत गर्ने ।

घ. बैक खाता सञ्चालन सम्वन्धी निर्णय गर्ने

ङ. आवश्यकता अनुसार निर्णयहरु गर्ने ।

**९. कार्यसमितिको गठन (१) कृषक समूहको कार्य समितिमा सात सदस्यीय देहाय वमोजिमको कार्य समिति रहने छः**

क. अध्यक्ष १ जना

ख. उपाध्यक्ष १ जना

ग. सचिव १ जना

घ. कोषाध्यक्ष १ जना

ङ. सदस्य ३ जना

(२) कार्य समितिको मुख्य पदमा एक जना महिला अनिवार्य र सम्पुर्ण सदस्यको ३३ प्रतिशत महिला हुनुपर्नेछ ।

**(३) उपसमिति गठन गर्न सकिने :**

क. समूहले निश्चित व्यक्तिहरुलाई संयोजक तोकेर ऋण उपसमिति, आर्थिक उपसमिति, प्राविधिक उपसमिति लगायत आवश्यकता अनुसार अन्य उपसमितिहरु गठन गरी जिम्मेवारी प्रदान गर्न सक्नेछ ।

ख. कोषाध्यक्षको संयोजकत्वमा ऋण उपसमिति गठन गर्नु पर्नेछ ।

ग. मिश्रित समूहको हकमा कार्यसमितिमा कम्तिमा ३३ प्रतिशत महिलाको प्रतिनिधित्व सुनिश्चित गराउनु पर्नेछ ।

**१०. पदाधिकारीको काम, कर्तव्य र अधिकार :** कृषक समूहको कार्य समितिका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार समूहको विधान बमोजिम हुनेछ ।

## परिच्छेद ४

## समूह विधान

**११. समूह विधानः** (१) कृषक समूहको एक विधान हुनेछ ।

(२) उपदफा (१) बमोजिमको विधान नेपालको कृषि नीतिसंग मेल खाने, नेपालको संविधान र प्रचलित कानूनसंग नवाभिने हुनु पर्नेछ ।

(३). कृषक समूहले अनुसूची ५ मा उल्लेख भए वमोजिम विधान बनाउनु पर्नेछ ।

(४) कृषक समूहले उक्त विधानलाई साधारण सभाबाट वहुमतले पारित गराई सम्वन्धित निकायमा दर्ता गराउनु पर्ने छ ।

## परिच्छेद ५

## कृषक समूह दर्ता, पुनर्गठन तथा नविकरण

**१२. कृषक समूह दर्ता :** (१) कृषक समूहको दर्ता बेनिघाट रोराङ गाउँपालिकाको आर्थिक विकास शाखा/कृषि वा पशुपन्छी क्षेत्र हेर्ने ईकाई वा शाखाले गर्नेछ ।

(२ ) समूहले कृषक समूह दर्ता गर्नका लागि अनुसूची ५ वमोजिमको ढांचाको समूह विधान अनुसूची ११ वमोजिमको ढांचाको समूह विवरण सहित अनुसूची ६ बमोजिमको ढांचामा समूह दर्ताको निवेदन सम्वन्धित ईकाई/शाखामा पेश गर्नु पर्नेछ ।

(३) सम्वन्धित कृषक समूहले समूह दर्ता गर्न रु.२००/ दर्ता शल्क वापत वुझाउनु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम समूह दर्ताको निवेदन अनुसूची ६ प्राप्त भएमा अनुसूची ५ सहित आवश्यक जाचवुझ गरी सम्वन्धित ईकाई/शाखाले अनुसूची ७ वमोजिमको ढांचामा कृषक समूह दर्ता प्रमाण पत्र उपलव्ध गराउने छ ।

(५) यसरी दर्ता गरिएको कृषक समूहको समयावधि तीन वर्ष रहनेछ ।

(६) समूहमा सदस्य रहेको सदस्यहरुको विवरण हेरफेर भएमा समूहले फेरि विधान तयार गरी नियमित रुपले सच्याउनु पर्नेछ ।

**१३. कृषक समूह दर्ता गर्नु नपर्ने :** दफा १२ को उपदफा (२), (३) र (४) मा जुनसुकै कुरा लेखिएता पनि साविक जिल्ला कृषि विकास कार्यालय/जिल्ला पशु सेवा कार्यालयमा दर्ता भैसकेका पुराना कृषक समूह एक पटकका लागि यस निर्देशिका बमोजिम कृषक समूह दर्ता भए सरह मानिनेछ ।

**१४. कृषक समूह पुनर्गठन :** (१) विधानमा उल्लेख भए बमोजिम कृषक समूहले आफ्नो आवश्यकताको आधारमा समूह पुनर्गठन गर्न सक्नेछ ।

(२) कृषक समूहको साधारण सभा वर्षको एक पटक भाद्र मसान्तभित्र गरिसक्नु पर्नेछ ।

(३) कृषक समूहले आफ्नो समूहको साधारण सभा मार्फत कृषक समूह पुनर्गठन गरी सम्वन्धित शाखा/ईकाईलाई जानकारी गराउनु पर्नेछ ।

**१५. कृषक समूह नविकरण :** (१) कृषक समूहले आफ्नो कृषक समूह दर्ता भएको प्रत्येक बर्ष पुरा भएपछि नविकरण गर्नुपर्नेछ ।

(२) कृषक समूह नविकरणको लागि कृषक समूहले प्राप्त गरेको कृषक समूह दर्ता प्रमाण पत्र सहितको

निवेदन सम्वन्धित ईकाई /शाखामा म्याद सकिएको ३५ दिनभित्र पेश गर्नु पर्नेछ ।
(३) कृषक समूह नविकरण शुल्क रु. २०० लाग्नेछ ।
(४) म्याद सकिएको ३६ औं दिनदेखि एक वर्षसम्म थम रु. २००/ राजस्व शुल्क बुझाई नविकरण गर्न सकिनेछ ।
(५) एक वर्षसम्म पनि नविकरण नगरेको खण्डमा प्रतिवर्ष रु. २००/ को दरले नविकरण शुल्क थप हुँदै जानेछ ।

**परिच्छेद ६**

**समूह श्रोत /हितकोष संकलन तथा परिचालन**

**१६. श्रोत/हितकोष परिचालन :** (१) समूहमा संकलन भएको रकम नजिकको बैंकमा खाता खोली समूह अध्यक्ष वा सचिव र कोषाध्यक्षको संयुक्त दस्तखतवाट सो खाताको सञ्चालन गर्नु पर्नेछ ।
(२) समूहले गरेको कुल लगानी मध्ये कम्तिमा ५० प्रतिशत लगानी कृषि क्षेत्रमा गर्नु पर्नेछ ।
(३) ऋण प्रवाह गर्दा लाग्ने ब्याज दर साधारण सभाले निर्धारण गर्नेछ ।
(४) कृषक समूहले उक्त समूहको सदस्य नरहेको व्यक्तिलाई लगानी गर्न पाउने छैन ।
(५) कृषक समूहको सदस्यवाट अनुसूची ९ वमोजिम ऋण माग भएमा अनुसूची १० वमोजिम तमसुक वनाई समूहले ऋण उपलव्ध गराउन सक्नेछ ।
(६) कृषक समूहले अनुसूची १२ बमोजिम मासिक हितकोष संकलन विवरण, अनुसूची १३ बमोजिम लगानी विवरण र अनुसूची १४ बमोजिम समूहको ऋण लगानी विवरण अद्यावधिक गर्नु

**परिच्छेद ७**

**समूहमा लेखा व्यवस्थापन**

**१७. समूहमा लेखा व्यवस्थापनः** समूह सञ्चालनको लागि आर्थिक तथा व्यवसायिक कारोवारमा चारवटा खाताहरु ( सम्पत्ति खाता, सामान विक्री खाता तथा आम्दानी खाता, सामान खरिद तथा खर्च खाता र दायित्व खाता) राखेर सरल तरिकाले लेखा व्यवस्थापन गर्नुपर्नेछः ।

**क. सम्पत्ति (नगद तथा जिन्सी खाता) :** सम्पत्ति खातामा कृषक समूहहरुको स्वामित्वमा रहेका धनमाल, जायजेथा, सम्पत्ति लगायत लगानी रकम, नगद तथा वैंक मौज्दात, लगानी, ऋण दिएको रकम, अरुवाट पाउनु पर्ने हिसाव, मेशिन, फर्निचर, घर, जग्गा, सवारी साधन आदि समावेश गर्नु पर्नेछ र समूहको सम्पत्ति वृद्धि हुंदा डेविट र घट्दा केडिटमा समावेश गर्नु पर्नेछ ।

**ख. सामान बिक्री तथा आम्दानी खाता :** यस खातामा कृषक समूहहरुको सरसामान र सेवा विक्रीवाट प्राप्त रकम लगायत लगानी तथा ऋणवाट प्राप्त व्याज आम्दानी, व्यापारी छुट सुविधा, संघ संस्थामा प्राप्त अनुदान, सदस्यता वा प्रवेश शुल्क, स्थिर सम्पत्ति भाडामा दिए वापत प्राप्त रकम, हर्जना वापत प्राप्त रकम आदि आम्दानी समावेश गर्नु पर्नेछ ।

**ग. सामान खरिद तथा खर्च खाता :** यस खातामा कृषक समूहहरुले खरिद गर्ने सरसामान र सो को ढुवानीमा लाग्ने ज्याला तथा खर्च लगायत कार्यालय सञ्चालन खर्चहरुः तलव, भत्ता, मर्मत, घरभाडा, धारापानी, विजुली, व्याज खर्च, ह्रासकट्टि रकम, वैठक भत्ता विविध आदि खर्चहरु समावेश गर्नु पर्नेछ ।

**घ.दायित्व खाता :** कृषक समूहले अरुलाई बुझाउनु पर्ने सवै प्रकारको हिसाव रकम यस खातामा चढाउनु पर्दछ । यसमा सदस्यहरुको शेयर पूंजी, वचत रकम, डिपोजिट रकम, धरौटी रकम, ऋण रकम, कसैलाई भुक्तानी दिनु पर्ने हिसाव लगायतका अन्य दायित्वहरु समावेश गर्नु पर्नेछ ।

**ङ**. खर्च (डेविट), आम्दानी (क्रडिट) र शेष (मौज्दात) गरी तीनवटा महलहरु समावेश गर्नु पर्नेछ ।

**च**. अनुसूची १५, १६, १७ र १८ बमोजिम क्रमशः सम्पत्ति (नगद तथा जिन्सी) खाता, आम्दानी खाता, खर्च खाता र दायित्व खाता वनाउनु पर्नेछ ।

**छ.** कृषक समूहले आवश्यकता अनुसार अन्य सहायक खाताहरु प्रयोग गर्न सक्नेछ ।

## परिच्छेद ८
## समूह सञ्चालन/परिचालन

### १८. समूह सञ्चालन/परिचालन

**१. समूहको समस्या एवं आवश्यकताको पहिचान तथा प्राथमिकता :** बेनिघाट रोराङ गाउँपालिकाको आर्थिक विकास शाखा/कृषि वा पशुपन्छी क्षेत्र हेर्ने शाखा/इकाईको परिधि एवं क्षमता भन्दा भित्र र वाहिर रहेका समस्याहरुको समाधान गर्न उपलब्ध श्रोत, साधन, समूह सदस्यहरुको क्षमता एवं प्रविधिहरुको आधारमा प्राथमिकता तोकी सरल एवं कम  खर्चिलो तवरले समाधान खोज्नु पर्नेछ ।

**२. नियमहरुको विकास :** आफ्ना पदाधिकारीहरुको चयन विधि, कार्य अवधि, काम कर्तव्य समावेश गरी
आफ्ना उद्देश्य पुरा गर्न हरेक समूहले आफ्ना नियमहरु वनाउनु पर्नेछ ।

**३. आयमूलक क्रियाकलापहरु :** सवै समूह सदस्यहरुले व्यक्तिगत एवं समूहगत रुपमा समेत उनीहरुसंग उपलब्ध श्रोतसाधन अनुसार आफ्नो इच्छाअनुकुल एउटा वा त्यो भन्दा बढी आयमुलक कृयाकलापहरुको थालनी गर्नु पर्नेछ ।

**४. पुरस्कारको व्यवस्था :** प्रत्येक वर्ष सहमतिका आधारमा छानिएको सवै भन्दा राम्रो काम गर्ने एक जना सदस्यलाई समावेशीका आधारमा आफ्नै श्रोत/हितकोषवाट पुरस्कार दिने व्यवस्था मिलाउन सक्नेछ ।

**५. सामाजिक सेवा तथा आयमुलक कार्यमा सहयोग आदान प्रदान गर्न सकिने :** विभिन्न सरोकारवाला निकाय वा व्यक्तिहरुवाट सामाजिक सेवा तथा आयमुलक कार्यका लागि सहयोग माग वा आवश्यकता महसुस भएमा एक अर्कासित नवाझिने गरी आवश्यकतानुसार सामाजिक गतिविधि तथा आयमुलक कार्यहरुमा एक आपसमा सहयोग आदानप्रदान गर्न सकिनेछ ।

**६. समूह सदस्यहरुका लागि सीप तथा क्षमता विकास :** (क) तालिम मार्फत समूह सदस्यहरुको आत्मविश्वास वढाउनुको साथै उनीहरुमा सीप तथा क्षमता विकास र इच्छाको अभिवृद्धि गर्ने भएकोले प्रभावकारी, कुशल एवं दीगो रुपमा समूहलाई गतिशील वनाई समूहको उद्देश्य हासिल गर्न सदस्य र पदाधिकारीहरुलाई सम्वन्धित निकायहरुसंग समन्वय र सहकार्य गरी समयसापेक्ष र व्यवहारिक तालिमको लागि पहल गर्नुपर्नेछ ।
ख. सहकार्य गर्न नसकेको अवस्थामा कृषक समूहले स्वयं आफै व्यवस्थापन गर्नु पर्नेछ ।

**७. सुपरिवेक्षण, अनुगमन र मूल्याङ्कन :** प्रत्येक वर्ष समूहले सञ्चालन गरेको विभिन्न क्रियाकलापहरुको
अनुगमन, सुपरिवेक्षण र मूल्याङ्कन गर्न गा.पा.स्तरिय एक अनुगमन समिति बनाउन सक्नेछ । साथै समूहले आफ्नो समूहको स्वमूल्याङ्कन गर्नका गा.पा.स्तरिय एक अनुगमन समिति बनाउन  लागि अनुसूची १९ लाई अनुशरण गर्नेछ । सोही अनुसूचीलाई समूहको
परिपक्वता मापनका लागि पनि प्रयोग गरिनेछ ।

## परिच्छेद ९
## समूह मतभेद व्यवस्थापन

**१९. मतभेद व्यवस्थापनको प्रकिया :** (१) समूह परिचालनको सम्वन्धमा उव्जिएका हरेक मतभेदहरुको निरुपण सम्वन्धित वडास्तर/कृषि शाखा रहने कृषि प्राविधिकले गर्नेछ ।
२. वडास्तर/सेवा केन्द्रमा गरिएको निरुपणसंग असहमत हुने पक्षले बेनिघाट रोराङ गाउँपालिकाको आर्थिक विकास शाखा/कृषि वा पशुपन्छी हेर्ने शाखा/ईकाईमा पुनरावेदन गर्न सक्नेछ ।
३. उक्त शाखा/इकाईले गरेको निरुपणसंग असहमत हुने पक्षले बेनिघाट रोराङ गाउंपालिका उपाध्यक्षको संयोजकत्वमा देहाय वमोजिम गठित ३ सदस्यीय मतभेद व्यवस्थापन समिति समक्ष पुनरावेदन गर्न सक्नेछ ।

| | |
|---|---|
| क. उपाध्यक्ष, वेनिघाट रोराङ गाउंपालिका | संयोजक |
| ख. प्रतिनिधि कृषक समूह/समिति/महासंघ | सदस्य |
| ग. आर्थिक विकास शाखा प्रमुख/प्राविधिक वेनिघाट रोराङ गाउंपालिका | सदस्य सचिव |

४. कृषक समूहमा भएको मतभेदको निरुपण प्रचलित कानून वमोजिम हुनेछ ।

## परिच्छेद १०
## कृषक समूहमा योजना तर्जुमा र श्रोत साधनको विकास

**२०. योजना तर्जुमा प्रकिया :** (१) कृषक समूहले कृषि कार्यक्रमको योजना तर्जुमा गर्दा देहायका आधार तथा प्रकृयालाई अवलम्वन गरी आयोजना निर्माण गरी गर्नु पर्नेछ ।
क. आयोजनाको नामः
ख. पृष्ठभूमिः आयोजनाको आधारभूत तथ्याङ्क, संभावना, अवसर चुनौति तथा नीतिगत प्रावधान तथा व्यवस्था
ग. आयोजनाको उद्देश्य
घ. आयोजनाको प्रतिफल
ङ. आयोजना सञ्चालन गरिने क्षेत्र
च. आयोजनाको अवधि
छ. आयोजनाका कियाकलापहरु
ज. लाभान्वित परिवार संख्याः प्रत्यक्ष, अप्रत्यक्ष, न्यून आय भएका वर्ग, महिला, दलित, जनजाति आदि
झ. आवश्यक कारक तत्वहरु
ञ. आर्थिक सारांश
ट. आयोजनाको किसिमः समूहको आफ्नै लगानी, साझेदारीमा संचालित
ठ. आयोजना कार्यान्वयन, व्यवस्थापन, अनुगमन तथा मूल्याङ्कन प्रक्रिया
ड. आयोजनाको दीगोपनाको लागि अपनाइने कार्यहरु
ढ. आयोजनावाट हुने वातावरणीय प्रभाव
२. कृषक समूहले अनुसूची १९ मा उल्लेख भए बमोजिम वार्षिक कार्ययोजना तयार गर्नु पर्नेछ ।
**२१. स्थानीय श्रोत, साधनको विकास तथा सञ्चालन :** समूहको वाह्य निर्भरताका साथै उत्पादनको प्रति इकाई खर्च पनि घटाउनका लागि समूहले स्थानीय श्रोत साधनको विकास र सञ्चालनमा उचित ध्यान दिनु पर्नेछ ।

## परिच्छेद ११:
## सरोकारवाला निकायको भूमिका एवं उत्तरदायित्व

**२२. बेनिघाट रोराङ गाउँपालिकाको आर्थिक विकास शाखा/कृषि तथा पशुपन्छी इकाई/शाखा :** कृषक समूह गठन तथा व्यवस्थापनमा बेनिघाट रोराङ गाउँपालिका कृषि क्षेत्र हेर्ने इकाईका प्रमुख तथा कृषि प्राविधिकले देहायको भूमिका र उत्तरदायित्व वहन गर्नु पर्नेछः

(क) बेनिघाट रोराङ गाउँपालिका कृषि तथा पशुपन्छी शाखा/इकाईका प्रमुख तथा कृषि प्राविधिकले कृषक समूहको वार्षिक कार्ययोजना, कार्यक्रम तयार पार्न प्राविधिक सहयोग प्रदान गर्ने । कृषक समूहको वार्षिक क्रियाकलाप, कार्यक्रम र श्रोत साधनको वारेमा जानकारी हासिल गर्ने,

(ख) शाखा तथा वडा कार्यालय/सेवा केन्द्र मातहतमा कार्यरत सवै प्राविधिक कर्मचारीहरुले सम्पूर्ण कार्यको अद्यावधिक रेकर्ड राख्नु पर्ने,

(ग) कृषक समूहको हालको संख्या, तिनको विकासको विभिन्न तह (परिपक्वताको मापनका आधारहरु) तयार गरी कृषक समूहको मूल्याङ्कन गर्न गाउंपालिकालाई सहयोग गर्ने, साथै कृषक समूहको अद्यावधिक तथ्याङ्कको अभिलेख तयार पार्ने ।

(घ) विषय विशेषज्ञ सहितको टोली गठन गरी समूह बैठकमा भाग लिने, समूह सदस्यहरुको तालिम सञ्चालन गर्ने र समूह सदस्यहरुले सञ्चालन गरेका कार्यक्रमहरुको सुपरिवेक्षण एवं अनुगमन गर्ने कामको कार्यतालिका तयार गरी सो अनुसार परिचालित हुने, अनुगमन तथा मूल्याङ्कनको क्रममा देखिएका सवल तथा सुधार्नु पर्ने कुराको पृष्ठपोषण प्रदान गर्ने ।

(ङ) समूहका सदस्यहरुलाई समस्या पहिचान एवं समस्याहरुको समाधान गर्न सहयोग पुऱ्याउने । फिल्डमा कार्यरत कृषि प्रसार कार्यकर्ताहरुको क्षमता विकासमा सहयोग गर्ने ।

(च) उत्पादन खर्च घटाउन र जग्गाको उत्पादकत्व बढाउनका लागि स्थानीय एवं बाह्य श्रोतहरुको कुशलतापूर्वक उपयोग गर्न उनीहरुलाई आवश्यक पर्ने ज्ञान, सीप एवं तौर तरिकाहरुको विषयमा सहजिकरण गर्ने ।

(छ) कृषक समूहको अपेक्षा र माग समय सापेक्ष सेवाटेवा प्रदान गर्न सकिने खालको हुनु पर्ने र सो अनुसार योजना तथा वजेट तर्जुमा गर्न पहल गर्नुपर्ने भूमिका हुनुपर्नेछ ।

**२३. वडा कार्यालय/कृषि सेवा केन्द्र :** कृषक समूह गठन तथा व्यवस्थापनमा वडा कार्यालय/कृषि तथा पशु सेवा केन्द्र प्रमुख तथा प्राविधिकले देहायका काम गर्नु पर्नेछः

(क) वडा कार्यालय/सेवा केन्द्रका प्रमुख वा पशुपन्छी क्षेत्र हेर्ने प्राविधिकले समूहको गठन, सञ्चालन र समूहको परिपक्वता तथा संस्थागत विकासको क्षेत्रमा प्राविधिक सेवा तथा टेवा उपलब्ध गराउने,

(ख) वार्षिक कार्यतालिकामा आफ्नो कार्यक्षेत्रका कृषक समूहहरुको वैठकमा भाग लिने, कृषक समूहको निरीक्षण गर्ने समय तालिका वनाई समूहका गतिविधिहरुको निरीक्षण गर्ने ।

(ग) आफ्नो कार्यक्षेत्रको विद्यमान कृषि अवस्थाको आधारभूत आंकडाहरु संकलन गर्ने,

(घ) कृषक समूहहरुलाई आफ्नो समस्या आफै पहिचान गर्न, समस्याहरुको प्राथमिकिकरण गर्न तथा प्राथमिकिकरणका आधारमा योजना तर्जुमा गरी कार्यान्वयन गर्ने सीप तथा क्षमता अभिवृद्धि गर्नका लागि आवश्यक पर्ने ज्ञान, सीप, उत्प्रेरणा प्रदान गर्ने । किसान समूहका लागि एउटा असल पथपर्दशक, समन्वयकर्ता, सञ्चारकर्ताको भूमिका निर्वाह गर्ने,

(ङ) समूहको कृयाकलाप र प्रगति अद्यावधिक अभिलेख एउटा फारममा उल्लेख गरी राख्नु पर्ने,

(च) सम्भव भए किसानले गरेका नमूना कार्य वा सफलताका कथाहरुको अनुभव संगालो पुस्तिका तयार गरी अभिलेखको रुपमा राखिराख्ने,

(छ) कृषक समूहलाई सघाउन आफ्नो साप्ताहिक वा पाक्षिक, वा मासिक कार्यतालिका तयार गर्नु पर्ने र हरेक समूह बैठकमा भाग लिनु पर्ने ।
( ज) गतिशील समूहहरुलाई आफ्ना मौसमी एवं वार्षिक कार्यक्रम कार्यान्वयन तालिका बनाउन उनीहरुलाई सहयोग गर्नु पर्ने ।
(झ) समूहहरुलाई चाहिने कृषि सामाग्रीहरु, ऋण र प्राविधिक सेवा तथा सहयोगको सूची तयार पार्न मद्दत गर्नु पर्ने ।
(ञ) कृषक समूह विवरण अनुसूची ११ अद्यावधिक गर्दै जानु पर्ने ।
(ट) समूहको निर्णय तथा समूहवाट सम्पादित कार्यहरुका लागि प्रतिवेदन फारमहरु अनुसूची ३ र ४ वमोजिम भर्ने ।
(ठ) कृषक समूहको संस्थागत, मानवीय विकास गर्न तथा उनीहरुले गरेका कामको चौमासिक प्रगति समीक्षा गर्न वडास्तरीय कृषक समूह सञ्जाल स्थापना गरी सञ्चालन गर्ने ।

## परिच्छेद १२
## सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कन

**२४. सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कन :** नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, कृषि विभाग, पशु सेवा विभाग र ती मातहतका निकायहरु तथा प्रदेश सरकारको भूमि व्यवस्था, कृषि तथा  सहकारी मन्त्रालय, कृषि विकास निर्देशनालय एवं ती मातहतका निकाय र बेनिघाट रोराङ गाउँपालिकाको सम्वन्धित निकायले कृषक समूहको सुपरिवेक्षण, अनुगमन एवं मूल्याङ्कन जुनसुकै समयमा गर्न सक्नेछ ।

## परिच्छेद १३
## विविध

**२५. प्रगति प्रतिवेदन पेश गर्नु पर्ने :** (१) कृषक समूहले अनुसूची २, ३ र ४ सहित आफूले गरेका मासिक, चौमासिक र वार्षिक प्रगति प्रतिवेदन तयार गरी सम्वन्धित वडा कार्यालय/सेवा केन्द्रमा प्रतिवेदन अवधि समाप्त भएको मितिले एक हप्ताभित्र उपलव्ध गराउनु पर्नेछ ।
(२) उपदफा (१) वमोजिमको प्रतिवेदन सम्वन्धित वडा कार्यालय/सेवा केन्द्रले १५ दिनभित्र बेनिघाट रोराङ गाउँपालिकामा पठायनु पर्नेछ ।
(३) कृषक समूहलाई अन्य कुनै निकायवाट प्राविधिक तथा अन्य सहयोग प्राप्त भएको अवस्थामा उक्त सहयोगी निकायलाई यस गा. पा. ले आवश्यक प्रगति विवरण तोकिएको समयमा पठाउनु पर्नेछ ।
२६. सम्वन्ध र समन्वयः कृषि वा पशुपन्छी क्षेत्रसंग सम्वन्धित सरोकारवाला कृषक, समूह, व्यवसायी, व्यक्ति तथा निकायहरु वीच आपसी सम्वन्ध र समन्वय राखी कृषि विकासमा गतिशील एवं सकारात्मक सहयोग पुर्‍याउन देहायका निर्णायक एवं अहंम भूमिका निर्वाह गर्नु पर्नेछः
(क) कृषक समूह गठन तथा व्यवस्थापनका लागि कृषकले कृषि विकासको सम्पूर्ण जिम्मेवारी बेनिघाट रोराङ गाउँपालिकाको आर्थिक विकास शाखा/कृषि तथा पशुपन्छी क्षेत्र हेर्ने इकाई/शाखा एवं यस अन्तर्गत कार्यरत पदाधिकारीहरुसंग समन्वय गर्ने ।
(ख) सम्वन्धित इकाई/शाखाले कृषक समूहका सदस्यहरुलाई आवश्यक पर्ने कृषि उत्पादन सामाग्री जस्तै वीउ, मल, विषादी, ऋण, कृषि औजार एवं सिंचाई उपलव्ध गराउन सम्वन्धी निकायहरुसंग समन्वय र सहकार्य गर्ने ।

(ग) कृषक समूहले उत्पादन गरेको कृषि उपजको विकि वितरणका लागि कृषि उपज वजार स्थल, वजार सञ्चालक समिति, प्रशोधनकर्ता र व्यवसायीसंग नियमित सम्वन्ध कायम गरी बजार व्यवस्था मिलाउने ।

(घ) बेनिघाट रोराङ गाउँपालिकाका राजनीतिज्ञ तथा निर्वाचित जनप्रतिनिधिहरुसंग राम्रो सम्वन्ध कायम राखी कृषक समूहको माग र आवश्यकतानुसार स्थानीय तहको श्रोतवाट वजेट विनियोजन गर्नका लागि पैरवी गर्ने ।

(ङ) कृषक समूहलाई आवश्यक पर्ने श्रोत, सामाग्री र प्राविधिक सहयोग प्राप्त गर्न प्रदेश सरकारका निकाय, केन्द्रीय सरकारका निकाय तथा स्थानीय, राष्ट्रियस्तरका गैरसरकारी संस्थाहरुसंग समन्वय, सहकार्यको वातावरण तयार गर्ने ।

(च) यसको अलावा कार्यक्षेत्रमा रहेका वुद्धिजीवि, सम्वन्धित सरकारी कार्यालय, बेनिघाट रोराङ गाउँपालिका पदाधिकारी, शिक्षक, व्यापारी, व्यवसायी एवं सरकारी संस्थाका सदस्यहरुसंग आवश्यकता अनुसार सम्वन्ध र समन्वय राख्ने ।

**२७. समूह गठनको लागि खर्च सम्वन्धमा :** नयां समूह गठनका लागि आवश्यक पर्ने खर्च बेनिघाट रोराङ गाउँपालिकाको दररेट अनुसार समूह गठन गर्ने निकायले गर्नेछ भने समूहको अन्य खर्च जस्तै नियमित वैठक, साधारण सभा आदि लगायतमा लाग्ने अन्य खर्चहरु समूहको आफ्नै श्रोतवाट व्यहोर्न पर्नेछ ।

**२८. कृषक समूहको सहकारीकरण :** (१) कृषक समूहलाई बढी सक्रिय, प्रभावकारी, दिगो र कृषकहरुको उन्नतिमा थप योगदान गर्न सक्ने बनाउनका लागि सो क्षेत्रमा केही कार्य अनुभव भएका समूहले चाहेमा सहकारीमा परिणत गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम कृषक समूहलाई कृषि सहकारी संस्थामा परिणत गर्दा देहायका आधार पुरा भएका संस्थालाई सहकारीमा परिणत गर्न सकिनेछ ।

क. कृषक समूहको रुपमा ३ वर्षको अनुभव भएको

ख. पर्याप्त बचत संकलन तथा सञ्चालन भएको

ग. व्यवसायिक क्रियाकलापहरु सञ्चालन गर्न सक्षम भएको

घ. सहकारी ऐन अनुसार तोकिएको मापदण्ड पुरा भएको ।

(३) समूहको नाममा रहेको सम्पूर्ण चल/अचल सम्पत्ति उक्त समूह भंग भएर बनेको सहकारी दर्ता भएपछि सो सहकारीको नाममा स्वतः हुनेछ ।

३०. अमान्य हुनेः माथि जुनसुकै कुरा लेखिएको भएता पनि नेपालको प्रचलित मूल कानूनसंग बाझिने यस्ता दफाहरु वाझिएका हदसम्म अमान्य हुनेछन ।

**अनुसूची १**

(दफा १२ को उपदफा (४) संग सम्बन्धित)

**कृषक समूह दर्ता फारम**

| |
|---|
| प्रदेश:<br>जिल्ला:<br>१. दर्ता नं.<br>२. समूहको नाम:<br>३. समूहको किसिम:<br>४. समूहको ठेगाना:<br>गा.पा:<br>वडा नं.<br>५. गठन मिति:<br>६. जम्मा सदस्य:  महिला<br>पुरुष:<br>गठन हंदु समूहको उद्देश्य: |

**अनुसूची २**

(दफा २५ को उपदफा १ संग सम्वन्धित)

**आर्थिक वर्षको अन्तमा सदस्य संख्याको स्थिति**

| आर्थिक बर्ष | सदस्य संख्या थप/ घट र जम्मा बचत कोष | सदस्यद्धारा जम्मा भएको कोषको मौजुदा स्थिति | घट / बढको कारण ( कोलुम २ बढिको लागि +र घटिको लागि –चिन्ह लगाउँ) |
|---|---|---|---|
| | संख्या | | |
| | रु | | |
| | संख्या | | |
| | रु | | |

**अनुसूची ३**

(दफा २५ को उपदफा १ संग सम्वन्धित)

**समूहको वचत कोषको वार्षिक स्थिति**

| आर्थिक बर्ष | गत बर्षको रकम रु | बचत कोषमा घट/ बढको कारण |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |

## अनुसूची ४

(दफा २५ को उपदफा (१) संग सम्वन्धित)

**प्रगति विवरण फारम**

गा.पा. : वडा नं.

कृषक समूहको नामः
उत्पादन : क. इकाईः
ख. जम्मा लागत रु.

उत्पादकत्व (उत्पादन/क्षेत्रफल)
उत्पादनको विकी मूल्यः (रु.इकाई
उत्पादनको कुल मुल्य रु.
कार्यविवरणः
सहभागी सदस्यहरुको संख्याः
प्राप्त सहायता रुः
श्रोत १ (.................) बाटः
श्रोत २ (.................) बाटः
क्षेत्रफल, संख्या र इकाईः
खुद आम्दानी (कुल आम्दानी-लागत खर्च रु.

कैफियत.................

श्री ..............................कृषक समूह

.............................................को

# बिधान

२०७६

मिति :- २०७६/     /

श्रीमान प्रमुख प्रशासकिय अधिकृत ज्यू ,
वेनीघाट रोराङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय
विशालटार,धादिङ ।

बिषय :- समुह दर्ता गरि पाउँ ।

महोदय ,
हामी निम्न लिखित व्यक्तिहरुले तपसिल वमोजिमको व्यहोरा खोली देहायको समूह दर्ता गरि पाउन निवेदन गर्दछौ । प्रस्तावित समूहको उद्धेश्य अनुरुप समूहले तत्कालै गर्ने कार्य सम्बन्धि योजना र प्रस्तावित समूहको विधान ३ प्रति तथा निर्दिष्ट अन्य आवस्यक प्रमाणित कागजातहरु यसै साथ संलग्न राखि पेश गरेका छौ ।
सम्बन्धि विवरण
क) प्रस्तावित समूहको नाम :-
ख) कार्यालय रहने ठेगाना :-
ग) उद्धेश्य :-
घ) मुख्य कार्य :-
ङ) कार्य क्षेत्र :- जिल्ला धादिङ वेनीघाट रोराङ गाउंपालिका वडा नं. .......
च) प्रवेश शुल्क :-
छ) सदस्य संख्या :
क) महिला...........जना
ख) पुरुष.............जना

निवेदक

दस्तखत
नाम
पद
ठेगाना

**अनुसूची ५**

(दफा ११ को उपदफा (३) संग सम्वन्धित)

**बेनिघाट रोराङ गाउंपालिकाका कृषक समुहको विधान २०७६**

श्री ......... ........................... कृषक समूह संचालन गर्न बनेको विनियम

**प्रस्तावना**

नेपाल कृषि प्रधान हो । यहाँ को अधिकांश नेपालीहरु कृषि पेशामा निर्भर छन । ता पनि परम्परागत सोच र कृषिमा आधुनिक प्रविधिको ग्रहण राम्रो संग हुन सकेको छैन । देशको अर्थतन्त्रको मेरुदण्ड कृषि भएर पनि यो क्षेत्र अझै पछाडी परेको छ । त्यसैले समाजमा रहेको गरिवी र वेरोजगारीलाई हटाउनुका साथै कृषि पेशालाई आधुनिक मर्यादित र कृषकहरुलाई आत्मनिर्भर वनाउन आधुनिक कृषि प्रणली अपनाउन जरुरी देखिन्छ । त्यसै उद्धेश्यले कृषकहरुलाई एकिकृत गर्दै आफ्नो क्षेत्रमा कृषि सम्बन्धि जनचेतना फैलाउन, कृषि पेशालाई ब्यवसायिक बनाउन, कृषि वा पशुजन्य वस्तुको उत्पादकत्व बढाउन, उत्पादन सामाग्री सुलभ बनाउन, उत्पादित सामाग्रीको विकि वितरण, भण्डारण व्वस्थापन गरी उन्नत वीउ/नश्ल एवं आय वृद्धि र बचत संकलनबाट कृषकलाई आत्मनिर्भर बनाउनका साथै कृषक समूह गठन गरी समुहका कियाकलाप नियमन गर्न वाञ्छनिय भएकोले,

"सुशासन (व्यवस्थापन तथा सञ्चालन ऐन), २०७४" को दफा ४५ र स्थानिय सरकार सञ्चालन ऐन २०७६ को दफा १०२ को उपदफा २ बमोजिमको अधिकार प्रयोग गरी बनेको "वेनीघाट रोराङ गाउँपालिकाको कृषक समूह गठन तथा व्यवस्थापन निर्देशिका २०७६" को अधिनमा रहि धादिङ जिल्ला, वेनीघाट रोराङ गाउँपालिका वडा नं......का महिला/पुरुषहरु को सकृयतामा श्री.......................................... कृषक समूह गठन तथा परिचालन गर्न यो विनियम जारी गरिएको छ ।

**१. प्रारम्भिक**

क. यस विधानको नाम "श्री ......................कृषक समूह विधान २०७६" रहने छ ।

ख. यो कृषक समूह विधान बेनिघाट रोराङ्ग गाउंपालिकाको स्थानिय राजपत्रमा प्रकाशित भएपछि लागु हुनेछ ।

*१. परिभाषा* : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो विधानमा

क. "समूह" भन्नाले यस विधानमा उल्लेखित कृषि कार्यद्वारा कृषि उपज वा पशुजन्य उत्पादन, उत्पादकत्व वढाई आयआर्जन गर्न इच्छुक कृषकहरुको समूहलाई जनाउने छ ।

ख. "सदस्य" भन्नाले श्री ..............................कृषक समूहको उद्देश्य अनुसार कृषिको उत्पादन, उत्पादकत्व वढाउन विधानको दफा ३ वमोजिम सदस्यता लिएको कृषकलाई जनाउंछ ।

ग. "कार्यसमिति" भन्नाले विधान अनुसार निर्वाचित अध्यक्ष, उपाध्यक्ष, सचिव, सहसचिव, कोषाध्यक्ष तथा सदस्य पदाधिकारीहरुलाई जनाउने छ ।

घ. "साधारण सभा" भन्नाले यस विधानको दफा ११ बमोजिम गठित सभालाई जनाउने छ ।

*२. समूहको छाप :* गोलो घेराभित्र यस समूहको नाम "श्री ...........................................लाई कृषक समूह २०७६ भनी पढ्न सकिनेछ ।

*३. समूहको कार्यालय :* समूहको कार्यालय धादिङ्ग जिल्ला वेनिघाट रोराङ्ग गाउंपालिका वडा नं. ..........मा रहनेछ ।

**२. उद्देश्य र कार्य :**

*१. उद्देश्य :* सदस्यहरुको सामाजिक, आर्थिक, सांस्कृतिक, संस्थागत, वातावरणीय तथा व्यवसायिक हितलाई ध्यानमा राखी समूहको उद्देश्य देहाय वमोजिम राखिएको छः

क. परंपरागत कृषि पेशा तथा व्यवसायलाई आधुनिकिकरण एवं विविधिकरण गरी गुणस्तरीय उत्पादन वृद्धिका लागि एक जुट भई काम गर्न ।

ख. सदस्यहरुको आर्थिक तथा सामाजिक जीवनस्तर माथि उठाउन ।

ग. सदस्यहरुमा स्वावलम्वनको ज्ञान, पारस्परिक सहयोग र मितव्ययिताको भावना जगाउन ।

घ. समूहको संस्थागत विकास गरी स्थानीयस्तरमा कृषि ज्ञान र प्रविधिलाई दीगो रुपमा प्रयोग गर्न ।

*२. समूहको कार्य :* समूहको विधानको उपदफा १ बमोजिमका उद्देश्यहरु प्राप्त गर्न यो समूहले देहाय बमोजिमका कार्यहरु गर्नेछः

क. उन्नत प्रविधिवाट खेती वा पशुपालन गरी उत्पादन एवं उत्पादकत्व बढाउने,

ख. वीजवृद्धि गरी आत्मनिर्भर हुने,

ग. उन्नत प्रविधि अपनाउने,

घ. कृषि उत्पादनवाट आय वृद्धि गर्ने

ङ. समूहवाट वजार व्यवस्थापन गर्ने,

च. कृषकद्वारा उत्पादित वस्तुको मूल्यमा एकरुपता ल्याउने,

छ. भण्डारणको व्यवस्था गर्ने,

